स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सु.द.नं. ८४५-०७४।७५

वर्ष -१३ , अंक-५ | २०८२ भदौ २ , सोमवार | August - 18 , 2025 | मुल्य रु.- १० । | janatapatra.com

## लगातारको वर्षाले पहिरोले उच्च जोखिममा रहेका १४ जना सुरक्षित स्थानमा सारिए

जनतापत्र, इन्द्रावति



सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका-२ स्थित बाहुन्नेबेसीमा शुक्रबार रातिदेखि परेको लगातारको वर्षापछि आएको पहिरोले तीनवटा घर उच्च जोखिममा परेका छन्। स्थानीय बासिन्दा ७९ वर्षीया चेतकुमारी आचार्यको एकतले पक्की घरको छेउबाट पहिरो खस्दा, नजिकै रहेका राजु आचार्य र गंगा आचार्यका घरसमेत पहिरोको प्रत्यक्ष जोखिममा परेका हुन्।इलाका प्रहरी कार्यालय नवलपुरका अनुसार, स्थानीय जनप्रतिनिधिसँग समन्वय गरी ती घरहरूमा बसोबास गर्दै आएका सबै १४ जनालाई सुरक्षित स्थानमा सारिएको छ। चेतकुमारीको घरमा ५ जना, राजुको घरमा ४ जना र गंगाको घरमा ५ जना रहेका थिए। उनीहरूलाई हाल चौतारा साँगाचोकगढी नगरपालिका-६ मा रहेको रेशमबहादुर आचार्यको घरमा स्थानान्तरण गरिएको छ। रेशम, चेतकुमारीका छोरा हुन्।

राजुको जस्तापाता छाएको दुईतले पक्की घर र गंगाको एकतले पक्की घर अझै पनि पहिरोको जोखिममा रहेका छन्।

पहिरो गएको क्षेत्र इन्द्रावती गाउँपालिका-२ र चौतारा साँगाचोकगढी नगरपालिका-६ को सिमाना क्षेत्र बाहुन्नेबेसीमा पर्छ। स्थानीय प्रशासनले घटनास्थलको निरन्तर निगरानी गरिरहेको जानकारी दिएको छ।

## जुगलमा सहिद प्रतिष्ठानको भवन बन्यो

जनतापत्र, चौतारा

सिन्धुपाल्चोकको जुगल गाउँपालिकामा सहिद प्रतिष्ठानको भवन निर्माणका लागि माओवादी केन्द्रका कार्यकर्ताले उल्लेखनीय पहल गरेका छन्।

पार्टी कार्यकर्ताहरूले जनसहयोगमार्फत चन्दा उठाएर आवश्यक जग्गा खरिद गरेपछि संघीय तथा प्रदेश सरकारको बजेट सहयोगमा दुईतले भवन निर्माण गरिएको हो। जुगल गाउँपालिका अध्यक्ष तथा माओवादी केन्द्रका जिल्ला नेता रेशम स्याङबोका अनुसार, करिब ६ लाख रूपैयाँको चन्दा संकलन गरेर जग्गा किनेका थिए भने भवन निर्माणका लागि संघीय सरकारबाट २० लाख र वाग्मती प्रदेश सरकारबाट ४५ लाख रूपैयाँ प्राप्त भएको थियो।

चनौटेमा गाउँपालिकाको कार्यालय नजिकै निर्माण सम्पन्न भएको सो भवनमा माओवादी केन्द्रको गाउँ कमिटी कार्यालय समेत राखिनेछ। यो भवन निर्माणले 'चन्दा उठाउने' प्रवृत्ति पनि सामाजिक हितमा प्रयोग गर्न सकिन्छ भन्ने सकारात्मक उदाहरण प्रस्तुत गरेको छ।

यसबाहेक, आउँदो हिउँद याममा जनयुद्धका क्रममा ज्यान गुमाएका पाँच जना स्थानीय सहिदहरु – लब सिलवाल, निकेश तामाङ, कृष्णबहादुर तामाङ, सुर्य श्रेष्ठ र सरू श्रेष्ठ – को सम्झनामा शालिक निर्माण गर्ने योजना समेत पार्टीले अघि सारेको छ। यसका लागि पनि चन्दा संकलन गरिने जानकारी अध्यक्ष स्याङबोले दिएका छन्।

जुगल माओवादी केन्द्रले अघिल्लो वर्ष युद्धकालमा योगदान गरेका घाइते तथा अपांगता भएका कार्यकर्ताहरूलाई सार्वजनिक रूपमा सम्मानसमेत गरेको थियो। यसले स्थानीयस्तरमा पार्टीको सामाजिक भूमिका अझ स्पष्ट बनाएको छ।

## अवरुद्ध कोदारी राजमार्ग खुलेन, भारीमा बोकेर ल्याइँदै चीनबाट सामान

जनतापत्र, तातोपानी

नेपाल-चीनबीचको एक मात्र प्रमुख स्थल नाका तातोपानी हुँदै सञ्चालनमा रहेको कोदारी राजमार्ग नौ दिनदेखि अवरूद्ध छ। कोदारीको इकु क्षेत्रमा गएको पहिरो अझै पनि पन्छाउन नसकिएकाले सडक सञ्चालनमा आउन सकेको छैन।

राजमार्ग अवरूद्ध हुँदा चीनतर्फ रोकिएका करिब ६ सय कन्टेनर नेपाल प्रवेश गर्न सकेका छैनन्। यसले गर्दा नेपाल भित्र्याउन लागिएका फलफूल, तरकारी र उपभोग्य सामग्रीहरु जस्तै स्याउ, आँप, अङ्गुर, लसुन र प्याज कुहिन थालिरहेका छन्।

त्यसैले व्यापारीहरु बाध्य भई कन्टेनर खोली सामान पल्टाएर मजदूरमार्फत भारीमा बोकाउँदै नेपालतर्फ ल्याइरहेका छन्।

एक व्यवसायीका अनुसार, यस्ता अवस्थाले सामानको लागत अत्यधिक बढाएको छ। एउटा कन्टेनरको सामान यसरी पल्टाएर ल्याउँदा करिब १ लाख ३० हजार रूपैयाँ खर्चिनुपरेको छ। साथै जोखिममा परेका सामग्रीहरु सुरक्षित रूपमा गन्तव्यमा पुर्‍याउन समेत समस्या भइरहेको उनीहरूको गुनासो छ।

सडक खुलाउन सडक डिभिजन कार्यालय चरिकोट खटिएको छ। कार्यालय प्रमुख अमितकुमार श्रेष्ठका अनुसार लगातारको वर्षाले पहिरो हटाउन कठिन भएको छ, तर प्रयास जारी छ। यद्यपि, सडक कहिले खुल्ने भन्ने विषयमा अझै निश्चित समय तोकिएको छैन।

कोदारी नाका नेपालको उत्तरी व्यापारिक मार्गमध्ये अति महत्वपूर्ण नाका हो। लामो समय सडक अवरूद्ध हुँदा न त व्यवसायीले सामान भित्र्याउन सक्छन्, न त उपभोक्ताले बजारमा सहज आपूर्ति पाउँछन्। यसले अभाव, मूल्यवृद्धि र व्यापार घाटाजस्ता समस्याहरु निम्त्याउने निश्चित देखिन्छ।

प्रकाशक
टिका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेक्स
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

## प्रभावकारी बन्दै स्वास्थ्य बिमा

पछिल्लो समयमा बिमा सबैलागि अति नै उत्तम व्यवसाय देखि लिएर मानिसको स्वास्थ्य लगायत अन्य प्रकारका जोखिमहरुको एक मात्र महत्वपुर्ण आधार बनेको छ । यसले कुनै पनि प्रकारका जोखिमहरुको सहि तरिकाले व्यवस्थापन गर्ने कार्य गर्दछ । हामिहरु पनि दिनप्रति दिन विमा तिर नै आर्कषित भइरहेका छौ । यसले हामिलाई सुरक्षित रहेको महसुस गराइरहेको हुन्छ । वास्तवमा हामिले बिममा भनेको मानिसले आफ्नो जीवन लगायत विभिन्न प्रकारका धन सम्पति आदिमा भावि दिनमा हुन सक्ने विविध प्रकारका जोखिमको आर्थिक समस्या जसले विमा गर्दछ उसलाई दिने कार्य भनेर बुझ्ने गर्दछौं । यो प्रक्रिया केहि समयका लागि वा निश्चित समयका लागि मात्र हुने गर्दछ । यसले बिमितको क्षतिपूर्तिको जिम्मा लिने कार्य गर्दछ । पछिल्लो समयमा देशै भर स्वास्थ्य बिमा कार्यक्रम लागु भएको छ । यसले गरिब जनताको हक र हितमा रहेर सोचेको जुन कार्य निक्कै महत्वपुर्ण मानिएको छ । नेपाली जसको आर्थिक स्थिति कमजोर छन् उसका लागि स्वास्थ्य सेवा लिने समयमा हुने विविध खर्चलाई कम गर्ने महत्वपुर्ण कार्य हो । यो कार्य सिन्धुपाल्चोकका विभिन्न स्थानिय तहहरुमा पनि लागु भइरसकेका छन् । जसले गर्दा यहाँका गरिब जनताले फाइदा लिन फाइरहेका छन् । त्यसैले स्वास्थ्य बिमाले पछिल्लो समयमा नेपाली जनताको पक्षमा फाइदा पुर्याइरहेको छ ।

विचारपत्र

# विधायन निर्माणमा स्वार्थ समूह

काशीराज दाहाल

समाजमा निहित स्वार्थका समूहले आफ्नो स्वार्थ पूरा गर्न विभिन्न निकायलाई प्रभाव पार्ने प्रयास गर्छन्। स्वार्थ समूहको दबाबमा बनेका कानुनले आमजनताको हित र कल्याण गर्न सक्दैनन्। नेपालमा विधायन निर्माण प्रक्रियामा सुधार आवश्यक छ, ताकि कानुनले नागरिकका हकअधिकारलाई सम्बोधन गर्न सकोस्।

यो सारांश ब्क्ष द्वारा सिर्जना गरिएको हो।

समाजमा निहित स्वार्थका मानिस र विभिन्न स्वार्थ समूह हुन्छन् । उनीहरूले आफ्नो चाहना, स्वार्थ र लाभ पूरा गराउने निकटस्थान (भेनु सपिङ) रोजी आफ्नो अनुकूल निर्णय गराउन खोज्छन् । स्वार्थ समूहले निर्णय गराउन सरकारबाट सहज हुने भए कार्यपालिका रोज्ने, कार्यपालिका आफ्नो अनुकूल नदेखेमा विधायिकामार्फत कानुनमा नै स्वार्थ पूरा गराउन दबाब दिन पुग्छन् ।

यस्तै न्यायपालिकाबाट निर्णय गराउन सहज हुने देखेमा निकटस्थानको रूपमा न्यायालयलाई प्रयोग गर्छन् ।

यसरी निहित स्वार्थ भएका समूह आफ्नो अनुकूल निर्णय गराउन जहाँ सजिलो हुन्छ, त्यस्तै ठाउँ खोजिरहेका हुन्छन् । स्वार्थ समूह निर्वाचनमा उम्मेदवार आफैं हुने वा आफ्नो स्वार्थ पूरा गराउन राजनीतिक दललाई प्रभाव पारी आफ्नो अनुकूलको उम्मेदवार बनाउने र जिताउने, सरकार बनाउनमा चलखेल गर्ने, न्यायालयलाई आफ्नो प्रभावमा राख्य न्यायाधीश नियुक्ति गरदेखि नै प्रभाव पार्न प्रयत्न गर्छन् । यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अख्तियार दुरुपयोगमा आफ्नो स्वार्थको विषयमा कारबाही नगरोस् भन्नका खातिर पदाधिकारी नियुक्तिमै प्रभाव पारिरहेका हुन्छन् ।

संविधान मूल कानुन भएकाले संविधान लेखनमा नै राजनीतिक स्वार्थ समूहले आफ्नो स्वार्थ सुरक्षित राख्न सोहीअनुरूपको प्रावधान राख्छन् । यस्तै संवैधानिक निकाय वा अन्य सार्वजनिक पदमा नियुक्ति हुन चाहनेले आफू अनुकूलको योग्यतामा जोड दिन्छन् । यसरी निहित स्वार्थबाट बन्ने संविधानले आमनागरिकका चाहनालाई सम्बोधन गर्न सक्दैन ।

संविधानका अन्तरवस्तुले सबैका हकअधिकारलाई जोड्न सक्नुपर्छ । यसो भएमा नै आमनागरिकको संविधानमा अपनत्व र स्विकारोक्ति रहन्छ । निहित स्वार्थमा बन्ने संविधान र कानुनले बलियो विधिको शासन र सुशासन दिन सक्तैन । यसैगरी विधायिकाले बनाउने कानुनमा कुनै न कुनै किसिमले स्वार्थ समूह विधायन निर्माणको प्रारम्भिक मस्यौदादेखि प्रमाणीकरणको चरणसम्म सक्रिय भइरहेका हुन्छन् । यसरी निहित स्वार्थ र दबाबको प्रभावमा बनेका कानुनले आमजनताको हित र कल्याण गर्न सक्तैनन् ।

कानुनको उद्देश्य र स्वार्थको द्वन्द्व

नयिदर्बा क्ष्भ ग्उमबतभम :बथ १२

कानुन समाज सञ्चालन गर्ने महत्त्वपूर्ण साधन हो ।

कानुन बाध्यकारी शक्ति भएको सिद्धान्तको संग्रहित प्रणाली हो । जसको उद्देश्य समाजमा शान्ति सुरक्षा र न्यायको सुनिश्चितता गर्नुका साथै नागरिक अधिकार र स्वतन्त्रताको संरक्षण र सामाजिक कल्याण गर्नु रहेको हुन्छ । कानुन बलवान् शक्ति हो, जो सबैमा समान रूपमा लागू हुने र समान प्रयोग हुने असल कानुनको स्वभाव हो । कानुनप्रतिको सम्मान र पालनाका निम्ति त्यस्तो कानुन निहित स्वार्थ र स्वार्थ समूहको निजी लाभमा नभई उचित, तर्कोचित, न्यायोचित, राष्ट्र र जनताको बृहत्तर हितमा केन्द्रित भई निर्माण हुनुपर्छ ।

कानुन समाजमा लागू हुन त्यस्तो कानुनले आमनागरिकको आकांक्षालाई समेट्नुपर्छ । यस सन्दर्भमा विधिशास्त्री जोसेफ राजले जनताका चाहना र आकांक्षालाई संयोजन गर्ने शक्तिशाली औजार कानुन भएकाले त्यस्तो कानुन नै लागू हुन्छन् भनेका छन् । यसरी कानुनको सर्वोपरितालाई आन्तरिकीकरण गरी कानुनी राज्यको सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गर्न व्यक्तिको निहित हित वा समूहको अनुचित स्वार्थमा कानुन बन्नु हुँदैन ।

आधुनिक समयमा कानुन बनाउने विधायक नै कुनै न कुनै स्वार्थ समूहको प्रभावमा परी त्यसको परिणाम खराब कानुन बन्न पुगेकाले त्यसलाई रोक्न 'स्वार्थगत द्वन्द्व' को विकास भएको छ । यस्ता स्वार्थगत कार्यलाई भ्रष्टाचारको व्यापक दायराभित्र राख्ने गरिन्छ । यसरी विधायन निर्माणमा स्वार्थगत द्वन्द्वको सिद्धान्त अवलम्बन गर्नुको मुख्य कारणमा सुशासनको सुनिश्चितता गर्न, राज्य शक्ति प्रयोग गर्नेहरूप्रति जनआस्था अभिवृद्धि गर्न, भ्रष्टाचारविरुद्धको महासन्धि पक्षधर राज्यले अन्तर्राष्ट्रिय दायित्व वहन गर्न र कानुन निर्माणको प्रक्रियाबाट स्वार्थ निहित भएको विषयमा त्यस्ता व्यक्तिलाई अलग बनाउनु (रेक्युजल) समेत रहेको छ ।

विश्वका विभिन्न लोकतान्त्रिक मुलुकले विधायन निर्माणमा स्वार्थगत द्वन्द्व हुनबाट रोक्न विधायकले आफ्नो र आफ्नो परिवारको सम्पत्ति सार्वजनिकीकरण गर्नुपर्ने, स्वार्थ निहित भएको विषयबाट आफूलाई अलग गराउन स्वयं घोषणा गर्नुपर्ने, दान, उपहार, आतिथ्यता सरकारको स्वीकृतिबेगर गर्न नहुने, विधायकको पदमा रहुन्जेलसम्म स्वार्थ बाझिने गरी अन्यत्र काम गर्न नहुने जस्ता व्यवस्था गरेको देखिन्छ । यस्तो व्यवस्था नेपालको सन्दर्भमा पनि लागू गरी त्यसको प्रभावकारी अनुगमन आवश्यक छ ।

नेपालमा कानुन निर्माण

यहाँ रीति, थिति, परम्परा र धर्मशास्त्रद्वारा समाज सञ्चालन हुँदै आएको विगत छ । वि.सं. १९१० मा पहिलो संहिताबद्ध 'मुलुकी ऐन' जारी गरियो । यो कानुन जातजातिका आधारमा भेदभावपूर्ण र कतिपय व्यवस्थामा अवैज्ञानिक थिए । वि.सं. २००४ मा नेपाल सरकार वैधानिक कानुन, २००४ संविधानका रूपमा जारी भए पनि लागू भएन । त्यो केवल जनताको आन्दोलनलाई रोक्ने उद्देश्यले आएको थियो ।

नेपालमा आधुनिक कानुनको निर्माण वि.सं. २००७ को राजनीतिक परिवर्तनपछि नै भएको देखिन्छ । राजनीतिक अस्थिरताले गर्दा त्यसबेला बनेका कतिपय कानुन पनि प्रभावकारी हुन सकेनन् ।

वि.सं. २०१५ को संविधानअन्तर्गत केही महत् वपूर्ण कानुन निर्माण भएको देखिन्छ । पञ्चायतको ३० वर्षे शासनकालमा नयाँ मुलुकी ऐन, भूमि ऐनजस्ता केही कानुन बने, जसले समाज सुधार गर्न र भूमि सुधार गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् भने मानवअधिकार र विचार अभिव्यक्ति स्वतन्त्रताको सम्बन्धमा नियन्त्रणमुखी कानुनी व्यवस्था निर्माण गरियो । यही कारण पनि जनमत पञ्चायती निर्दलीय शासन व्यवस्थाको विरोधमा रहिरह्यो ।

वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलनपछि जारी भएको २०४७ सालको संविधानले केही उदार व्यवस्था गरेको भए पनि संकटकालको अवस्था र राजाको प्रत्यक्ष शासनको समयमा जारी भएका कानुन असंवैधानिक र मानवअधिकार एवं स्वतन्त्रता नियन्त्रणमुखी कानुनकै रूपमा देखा पर्न पुगे ।

संविधान उदार भए पनि व्यवहार अनुदार भएका कारण सशस्त्र विद्रोह र जनआन्दोलनको परिणामद्वारा २०४७ सालको संविधान नै समाप्त भयो । २०६२/६३ को जनआन्दोलनको परिणामस्वरूप जारी भएको अन्तरिम संविधान, संविधानसभाले बनाएको संविधान र त्यसबेलाका कानुन नागरिक अधिकार संरक्षणतर्फ नै केन्द्रित भए पनि राजनीतिक दलहरूमा राजनीतिक संस्कृतिको विकास नभएका कारण र सत्ताकेन्द्रित राजनीतिक सोचले गर्दा कानुन कार्यान्वयन पक्ष ज्यादै फितलो बनेको छ ।

सुशासन सन्तोषजनक हुन सकेन । भ्रष्टाचार हरेक क्षेत्रमा बढ्न पुग्यो । २०७२ सालमा जारी भएको नेपालको संविधानले आधारभूत मौलिक हकको प्रत्याभूति गरी उदारवादी लोकतन्त्रका अन्तरवस्तुलाई अवलम्बन गरी समाजवादउन्मुख राज्य प्रणालीको स्थापना गर्ने लक्ष्य लिएको भए पनि व्यवहारमा नागरिक अधिकार नियन्त्रण गर्नेतर्फ नै कानुन बनाउने सोचको विकास हुँदै गएको कतिपय विधेयकको अध्ययनले देखाएको छ ।

विश्राम अवधि र निजामती विधेयक

सरकारी सेवाको नियमनकारी निकायमा रहेको व्यक्तिले सेवा अवकाशपछि जसप्रति नियमन गर्नुपर्ने जिम्मेवारी थियो, उसैको संस्थाको कर्मचारी वा परामर्शदाताका रूपमा काम गर्ने, संवैधानिक निकाय वा महत्त्वपूर्ण सरकारी पदमा

बाकी पेज नं ८ मा

# मिडियाप्रति अनुदार सरकार

बोर्णबहादुर कार्की

देउवाको विगतलाई हेर्ने हो भने पनि प्रेस स्वतन्त्राताप्रति अनुदार भएको देखिँदैन । उनी सधैं अभिव्यक्ति स्वतन्त्राताको पक्षमा देखिन्थे । जब देउवामाथि श्रीमती आरजु राणा हावी हुन थालिन् त्यसपछिका दिनमा नेपाली कांग्रेस प्रेस स्वतन्त्रताको मामिलामा ओलीपथमा चुर्लम्म डुब्न थालेको छ ।

मिडिया वकालत समूह (रिपोर्टर्स विद् आउट बोडर्स (आरएसएफ) द्वारा २०२५ मा प्रकाशित वार्षिक प्रतिवेदनअनुसार नेपाल प्रेस स्वतन्त्रताको मामिलामा ७९औं स्थानमा छ ।

यो अवस्था भनेको ज्यादै कमजोर हो । ट्रान्परेन्सी इन्टरनेसनलको प्रतिवेदनमा नेपालमा भ्रष्टाचार बढ्दै गएको देखिनु र प्रेस स्वतन्त्राताको अवस्था झन् झन् खस्किएको देखिनु संयोग मात्रै होइन ।

प्रेस स्वतन्त्रता खुम्चिएकै कारण भ्रष्टाचार बढेको हो भन्ने कतिपयको विश्लेषण छ । सन् २०२४ को त कुरै छाडौं, यस वर्ष पनि शम्भु श्रेष्ठ, दिलभुषण पाठकलगायतका पत्रकारमाथि राज्यसंयन्त्रद्वारा दण्डसजाय दिने प्रक्रिया सुरु गरिएयता नेपाली मिडियामा 'सेल्फ सेन्सरसिप' सुरु भएको देखिन्छ । सेल्फ सेन्सर सिप भनेको स्वतन्त्र पत्रकारिताको मृत्यु हो ।

अधिनायकवादी चिन्तन बोकेको हरेक सत्ताधारीले मुख्य शत्रु देख्ने मिडिया तथा पत्रकारलाई हो । त्यसैले प्रधानमन्त्री केपी शर्मा ओली मिडिया तथा पत्रकारप्रति अति अनुदार बन्नु नौलो कुरा होइन ।

प्रधानमन्त्री ओली मिडिया तथा पत्रकारप्रति असहिष्णु बन्दै जानुलाई आश्चर्य मान्नु पर्दैन, तर बिपी कोइरालाले जन्माएको हुर्काएको पार्टी नेपाली कांग्रेसले समेत यो हर्कतमा ओलीलाई साथ दिँदै जानु वा ओलीको सिको गर्नु आश्चर्यको विषय मात्रै होइन देशकै लागि ठुलो चिन्ताको विषय हो ।

किनकी विगतमा ओलीले विद्यमान कानुनको दुरुपयोग गरी प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउँदै गर्दा वा अंकुश लगाउने गरी विधेयक तर्जुमा गर्दै गर्दा जनतालाई नेपाली कांग्रेसको आडभरोसा थियो । ओलीको यस्तो प्रयत्नलाई नेपाली कांग्रेसले सफल हुन दिँदैन भन्ने धेरैलाई लाग्नु स्वभाविकै थियो ।

विगतमा कांग्रेसले त्यस्तो प्रयास गरेको देखिएको पनि हो । जब २०८१ असार १५ मा सभापति शेरबहादुर देउवाकी पत्नी आरजु राणासहित प्रधानमन्त्री बनिदिन आग्रह गर्दै ओली निवास बालकोट पुगेसँगै कांग्रेसले प्रेस स्वतन्त्रताको सिद्धान्तलाई समेत ओलीको पाउमा चढाएको देखियो ।

प्रेस स्वतन्त्रतालाई नेपाली कांग्रेसले आफ्नो अभिन्न सिद्धान्त किन बनाउनु पर्छ ? भन्ने सन्दर्भमा संस्थापक नेता बिपी कोइरालाले सटीक व्याख्या तथा उदाहरण पेस गरेका छन् । आफ्नै पार्टीको दुईतिहाइ बहुमतका साथ प्रधानमन्त्री निर्वाचित भएका बिपी कोइरालाले प्रतिपक्षी दलको कमजोर उपस्थितिप्रति सबैभन्दा ठुलो चिन्ता प्रकट गरेका थिए । प्रतिपक्षीको कमजोर उपस्थितिको परिपूर्ति प्रेसमार्फत गर्ने नीतिअन्तर्गत उनले सरकारको आलोचनाका लागि विपक्षी दलनिकट मिडियालाई आर्थिक सहयोग गरेको विषयमा समीक्षा साप्ताहिकका मदनमणि दीक्षितले उल्लेख गरेका छन् ।

२०४६ सालको परिवर्तनपछिका प्रधानमन्त्रीहरूमध्ये प्रेस जगतबाटै सबैभन्दा बढी गिरिजाप्रसाद कोइरालाको आलोचना भएको देखिन्छ । तैपनि उनले प्रेसजगत माथि अंकुशको प्रयत्न मात्रै होइन, कहीं कतै आलोचना गरेको समेत सुनिएन । उनी प्रतिपक्षी दलहरूप्रति बढी नै असहिष्णु थिए, तर प्रेस जगतप्रति कहित्यै अनुदार देखिएनन् । यद्यपि वरिपरिको घेराले उनलाई मिडियाविरुद्ध बोल्न नउक्साएको होइन । त्यसो त देउवाको विगतलाई हेर्ने हो भने पनि प्रेस स्वतन्त्राताप्रति अनुदार भएको देखिँदैन । उनी सधैं अभिव्यक्ति स्वतन्त्राताको पक्षमा देखिन्थे । जब देउवामाथि श्रीमती आरजु राणा हावी हुन थालिन् त्यसपछिका दिनमा नेपाली कांग्रेस प्रेस स्वतन्त्रताको मामिलामा ओलीपथमा चुर्लम्म डुब्न थालेको छ ।

भयानक परिणाम

प्रेस स्वतन्त्रता कुण्ठित भएकै कारण र पत्रकारहरू सेल्फसेन्सरसिपमा लाग्न वाध्य भए जसका कारण खबरदारी पुगेन । त्यसैले कांग्रेस-एमालेको संयुक्त सरकार भ्रष्टाचारको दलदलमा नराम्ररी फँसेको छ । सरकारको यस्तो भ्रष्टाचार र कुशासनको विरोध गर्ने प्रमुख जिम्मेवारी विपक्षी दलहरूको हो । तर प्रमुख विपक्षी दल माओवादी केन्द्र आफ्नो दायित्व र कर्तव्यबाट च्युत हुँदै गएको छ ।

प्रमुख प्रतिपक्षी दलले सरकारबाट अनुचित लाभका लागि बार्गेनिङ गर्नु भनेको बहुदलीय व्यवस्था असफल हुनु हो । सरकारको गतिविधिको आलोचना गर्ने संवैधानिक दायित्व बोकेको प्रमुख प्रतिपक्षी दल माओवादी आफ्नो कर्तव्यबाट च्युत हुँदै गर्दा मिडिया तथा पत्रकार हरूमाथिको दायित्व स्वतः बढेर गएको छ ।

यतिबेला सरकारको धरपकडका कारण केही मिडिया तथा पत्रकारहरू सेल्फसेन्सरसिपमा फँसेको देखिए पनि मूलतः प्रमुख प्रतिपक्षी दलले संवैधानिक भूमिका निर्वाह नगर्दा उत्पन्न भएको जटिलताको पूर्ति मिडिया तथा पत्रकारले गर्दै आएका छन् । तर, पत्रकारलाई प्रहरी लगाएर पक्राउ गरी मिडियाको मुख थुन्ने प्रयासलाई सरकारले निरन्तरता दिइरहेकै छ । चर्चित पत्रकारहरू दिलभूषण पाठक, शम्भु श्रेष्ठ लगायतका पात्रकारमाथि अघि बढाइएको कारबाही त्यसको उदाहरण हो ।

प्रधानमन्त्री तथा गृहमन्त्रीको प्रत्यक्ष निर्देशनमै यो हर्कत भएको हो । विद्युतीय कारोबार ऐनको आधारमा पत्रकारमाथि पक्राउ पूर्जी जारी गर्नु भनेको सामान्य समस्या होइन । विद्युतीय कारोबार ऐन इन्टरनेटको माध्यमद्वारा हुने आर्थिक कारोबार तथा व्यापारमा तलमाथि भएको अवस्थामा त्यसलाई नियन्त्रण गर्न बनेको हो । पत्रकारले मिडियामार्फत् उजागर गरेको विषय विद्युतीय कारोबार ऐनअन्तर्गत पर्दैन । गलत ऐनको प्रयोग गरेरै भए पनि पत्रकार तथा मिडियालाई दुःख दिइएको छ । मिडिया तथा पत्रकारले सामग्री प्रस्तुत गर्दा कसैमाथि अन्याय गरेको भए त्यसको निरुपण गर्ने छुट्टै निकाय नेपाल प्रेस काउन्सिल छ ।

मिडिया र पत्रकारहरूले सरकारको यस्तो प्रेस स्वतन्त्रता विरोधी हर्कतको ठाउँको ठाउँ प्रतिकार नगर्ने हो भने संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता संकटमा पर्नेछ । प्रेस स्वतन्त्रता र लोकतन्त्र एकअर्काका परिपुरक हुन् भन्ने सन्दर्भमा मिडिया तथा पत्रकारहरू मात्रै स्पष्ट भएर पुग्दैन ।

राजनीतिक दलहरू नै स्पष्ट हुनुपर्छ । किनकी सत्ता चलाउने दलहरूले नै हो ।

राजनीतिक दल भनेका देशका सार्वजनिक सम्पत्ति हुन् ।

तिनले हरेक निर्णय देश र जनताप्रति जबाफदेही भएरै गर्नुपर्छ भन्ने यथार्थलाई दलका नेता तथा कार्यकर्तासमेतले भुल्दै गएका छन् । जसका कारण प्रेस स्वतन्त्रताविरोधी सरकारको हर्कत आमचासोको विषय बन्न सकिरहेको छैन ।

उदाहरणका लागि सञ्चार क्षेत्रमा गरिने राजनीतिक नियुक्तिलाई हेर्न सकिन्छ । यस्ता नियुक्तिमा सत्तारूढ दलहरूले मुख्य चासो दिनुपर्ने भनेको कुन संस्थाको जिम्मेवारीमा कस्तो खालको विज्ञ पठाउनु उचित हुन्छ ? भन्ने सन्दर्भमा हो ।

तर, सर्वप्रथम मेरो पार्टीलाई यतिवटा कोटा चाहिन्छ भनेर भाग खोजिन्छ, आफूले पाएको भागमा आफ्ना झन्डे कार्यकर्ता नियुक्त गरिन्छ । प्रेस काउन्सिल नेपालप्रति जनविश्वास घट्दै गएको यत्तिकै होइन ।

कुन संस्थाको जिम्मेवारीमा कसलाई पठाउँदा संस्थाको गरिमा र जनविश्वास बढ्छ ? भन्ने कुरा हेर्न छाडिएको छ । उसको विगत के हो, कुन हैसियत हो, जिम्मेवारी निर्वाह गर्न सक्षम छ कि छैन, योगदान के हो हेर्न छाडिएको छ । व्यक्ति, विचार, सिद्धान्तलाई गहिरिएर बुझ्ने धैर्यता कसैसँग छैन ।

रोग एकातिर छ, उपचार अर्कैतिर खोजेर समस्याको समाधान हुँदैन । प्रेस काउन्सिल नेपाललाई पंगु बनाइएकै कारण समस्या सिर्जना भएको हो । अब विकल्पमा मिडिया काउन्सिल बनाउने भनेर विधेयक ल्याइएको छ ।

तर नाम परिवर्तन गर्दैमा साख फिर्ता आउँदैन । कानुन चाहिन्छ, नियमन हुन जरुरी छ, सबैलाई नियमन गर्न आवश्यक छ तर सकारात्मक तरिकाले सदुपयोग गर्ने गरी आमजनतालाई प्रशिक्षित गराउने गरी नियमन हुन जरुरी हो ।

अहिलेकै झैं झन्डे कार्यकर्ता भर्ती गर्ने हो भने मिडिया काउन्सिल गठन प्रेस स्वतन्त्रताका लागि झन् अभिशाप बन्ने छ । दुर्भाग्यवश अहिले सरकारले ल्याएको मिडिया काउन्सिल विधेयक, २०८१ का केही प्रावधानहरू प्रेस स्वतन्त्रताका लागि ज्यादै नै घातक छन् । यो विधेयक जस्ताको तस्तै पारित भयो भने प्रेस स्वतन्त्रता समाप्त हुन्छ ।

कसरी हुँदै छ प्रेस स्वतन्त्रता समाप्त ?

अहिले मिडियामा नयाँ प्रविधिको प्रयोग बढ्दै जाँदा अनुगमनमा समस्या उत्पन्न भएको सत्य हो । संस्थागत मिडियालाई अनुगमन गर्न खासै समस्या छैन ।

तर गैरसंस्थागत मिडिया अनुगमन गर्नु साँचिकै चुनौतीपूर्ण छ । कुनै पनि सूचना आमजनताको पहुँचसम्म पुग्नु त राम्रो कुरा हो तर यसको प्रयोग सही ढंगले भएको छ कि छैन ? यसको नियमन जरुरी छ कि छैन भन्ने प्रश्नको उत्तर खोज्नै पर्छ ।

त्यसैले 'प्रेस' को सट्टा मिडिया काउन्सिल भनिएको हुनुपर्छ । तर सरकारले मिडिया काउन्सिलमार्फत् आफ्ना आलोचक संस्था तथा पत्रकारलाई नियन्त्रण गर्ने नियत राखेको देखियो ।

सरकारका काम कारबाहीसँग सम्बन्धित त्रुटिहरू आउन थालेपछि यस्तो विधेयक ल्याएजस्तो देखिन्छ ।

लोकतन्त्रमा बोल्न पाउने अधिकार, सरकारका काम कारबाहीप्रति टीकाटिप्पणी गर्न पाउने अधिकार मौलिक हकसँग जोडिएको हुन्छ । जसको प्रत्याभूति संविधानले गरेको छ ।

राज्यद्वारा बनाइने कुनै पनि नीति कानुनहरूले संविधानको मर्मलाई नियन्त्रण होइन कि कार्यान्वयन गर्ने उद्देश्य बोकेको हुनुपर्छ । जनतालाई अधिकारसम्पन्न बनाउने विषयसँग जोडिएको हुनुपर्छ ।

त्यही कारण लोकतन्त्रमा कानुन बनाउने अधिकार जनताका प्रतिनिधिबाहेक अरूलाई नदिइएको हो । तर अहिले ल्याइएको विधेयकमा रचनात्मक आलोचना, स्वच्छ विरोध गर्न पाउने मौलिकहक नियन्त्रणका लागि मिडिया काउन्सिलको प्रयोग गर्ने चेष्टा गरिएको छ ।

उदाहरणका लागि विधेयकमा मिडिया काउन्सिलका अध्यक्ष र सदस्यहरूको नियुक्तिका लागि सिफारिस गर्ने अधिकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवलाई दिइएको छ । सरकार मातहतको निजामति कर्मचारीले सिफारिस गर्दा कस्तो व्यक्ति छान्ला ? भन्ने प्रश्नको उत्तर आफैँमा कहालीलाग्दो हुन्छ । यस्तो अवस्थामा काउन्सिलको हैसियत सञ्चार मन्त्रालयको एउटा शाखाभन्दा माथि हुनै सक्दैन । यसरी गरिने नियुक्तिले काउन्सिलको निष्पक्षता र स्वतन्त्रतामाथि गम्भीर प्रहार गर्छ ।

त्यति मात्रै होइन, काउन्सिलको अध्यक्षको अनुपस्थितिमा मन्त्रालयका सहसचिवले कार्यवाहक अध्यक्षको भूमिका निर्वाह गर्ने प्रावधानले काउन्सिललाई पूर्ण रूपमा मन्त्रालयको नियन्त्रणमा लैजान्छ र काउन्सिलको स्वायत्तताको आधारभूत सिद्धान्तलाई नै कमजोर बनाउँछ ।

बाकी पेज नं ८ मा

## हेलम्बुमा अर्गानिक स्याउ उत्पादन फस्टाउँदै, कृषकहरूलाई बजारको खोजी



जनतापत्र, हेलम्बु

गाउँपालिकामा अर्गानिक स्याउको उत्पादन पुनः फस्टाउन थालेको छ। चार दशकअघि 'हेलम्बुको स्याउ' भनेर परिचित बनेको यस क्षेत्रले जलवायु परिवर्तन र रोगको प्रभावका कारण स्याउ उत्पादनमा गिरावट देखेको थियो। तर हाल गाउँपालिकाको पहलमा पुनः स्याउ खेती फस्टाउँदै गएको छ।

गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाको नेतृत्वमा ल्याइएको "एक वडा, एक उत्पादन" नीति र ५०% अनुदान कार्यक्रममार्फत कृषकहरु स्याउ खेतीमा पुनः आकर्षित भएका हुन्। विशेषगरी वडा नं. ४ र ५ को लेकाली क्षेत्रमा यस वर्ष करिब ३ मेट्रिक टन उत्पादन हुने अनुमान गरिएको छ । स्थानीय कृषक बीरजित तामाङले ७० रोपनी क्षेत्रफलमा स्याउ खेती गर्दै आएका छन्। उनले अनुदानमा प्राप्त ११३३ वटा बिरूवा रोपेका थिए, जसमा गोल्डेन, डेलिसियस, फुजी र रायल गाला जातका स्याउ फल्न थालेका छन्।

हेलम्बु, किउल, शेर्माथान र इचोक लगायतका गाउँहरूमा पनि स्याउ खेती विस्तार हुँदै गएको छ। कृषकहरूले उत्पादन बढ्दै जाँदा अब बजार र प्राविधिक सहयोगको माग गरिरहेका छन्। हाल बजार अभावका कारण पहिले उत्पादन भएको स्याउ पशुचौपायालाई खुवाउनु परेको तितो अनुभव किसानहरूसँग छ।

कृषि शाखा प्रमुख टोपबहादुर बरूवालका अनुसार, बजार व्यवस्थापनको पहलसहित हेलम्बु गाउँपालिकाले स्याउलाई पुनः ब्रान्ड बनाउने लक्ष्य लिएको छ। यस्तै, स्याउसँगै हेलम्बुको ग्रेट ट्रेल, मोडल विद्यालय र स्वास्थ्य सेवा पनि पर्यटकलाई आकर्षित गरिरहेको छ, जसले भविष्यमा कृषि र पर्यटनको संयुक्त समृद्धिको सम्भावना देखाएको छ।

## बबिता र साइमन प्रथम

जनतापत्र, चौतारा

'द बुक प्रोजेक्ट'को सहयोगमा चौतारा महिला तथा किशोरी टेबलटेनिस क्लबको आयोजनामा र सिन्धुपाल्चोक टेबलटेनिस संघको संयोजनमा नगर स्तरीय टेबलटेनिस प्रतियोगिता चौतारामा सम्पन्न भएको छ। उद्घाटन कार्यक्रम जिल्ला खेलकुद विकास समितिका अध्यक्ष रामकृष्ण दंगालले गरेका थिए भने क्लब अध्यक्ष सीता श्रेष्ठ कसजूले सभापतित्व गरेका थिए। क्लबले प्रतियोगिता सफल बनाउन सहयोग पुऱ्याएका डा. रोजा र निर्मला श्रेष्ठप्रति विशेष आभार व्यक्त गरेको छ।

प्रतियोगितामा महिलातर्फ बबिता श्रेष्ठ प्रथम, सुमीक्षा तामाङ द्वितीय र दीपा प्रधान तृतीय स्थानमा रहे। अन्डर-१४ वर्गमा साइमन तामाङले प्रथम स्थान हासिल गरेका छन् भने प्रदीप काफ्ले दोस्रो र प्रसन्न श्रेष्ठ तेस्रो स्थानमा आएका छन्।

आयोजकका अनुसार यस प्रतियोगिताले स्थानीय महिला तथा किशोरी खेलाडीलाई टेबलटेनिसमा थप उत्साहित बनाउने विश्वास गरिएको छ।

## बाह्रबिसे हुँदै मानसरोवर निस्किए प्रसिद्ध धर्मगुरु सदगुरु, स्थानीय तहद्वारा स्वागत

जनतापत्र, बाह्रबिसे

प्रसिद्ध भारतीय आध्यात्मिक गुरु जग्गी वासुदेव 'सदगुरु' शनिबार नेपालको सिन्धुपाल्चोकको बाह्रबिसे र तातोपानी हुँदै कैलाश-मानसरोवर तीर्थयात्रामा निस्किएका छन्। सदगुरू र उनका साथ आएका तिर्थालुलाई बाह्रबिसे नगरपालिकाका मेयर बालकृष्ण बस्नेत लगायत स्थानीय जनप्रतिनिधि र बासिन्दाले खुर्सानीबारीमा विशेष स्वागत गरेका थिए।

सदगुरूको यात्रा भोटेकोसी गाउँपालिका-२ स्थित तातोपानी नाका हुँदै चीनतर्फ तय गरिएको हो। सुरक्षा व्यवस्था कडा पार्दै जिल्ला प्रहरी कार्यालयले सुरक्षाकर्मीमार्फत बाह्रबिसेदेखि तातोपानीसम्म 'एस्कर्टिङ' गरेको जानकारी दिएको छ। सुरक्षाका लागि विशेष तयारी गरिएको र शनिबार नै चीन प्रवेश गराइएको इलाका प्रहरी कार्यालय बाह्रबिसेले जनाएको छ।

सदगुरूले बाह्रबिसे नगर पुग्दा आफूलाई 'महान तीर्थको अनुभव' भएको बताउँदै स्थानीयहरूलाई 'भाग्यमानी' भनेका थिए। करिब १० मिनेट रोकेर स्थानीयसँग भेटघाट गरेका सदगुरूलाई हेर्न दर्जनौं भक्तजनको भिड लागेको थियो। यस अवसरमा सदगुरूसँगै आएका सयौं तीर्थयात्री पनि मानसरोवर यात्रामा छन्। यिनीहरु तातोपानी नाका हुँदै पहिलो पटक यो मार्गबाट जान लागेका हुन्।

यसअघि रसुवागढी नाका हुँदै चीन प्रवेश गरेका तीर्थयात्रीहरु हालैको बाढीका कारण वैकल्पिक मार्ग रोजेर तातोपानीबाट फर्कन थालेका छन्। तातोपानी अध्यागमन कार्यालयका अनुसार हालसम्म करिब एक हजारभन्दा बढी तीर्थयात्री नेपाल फर्किसकेका छन्। इलाका प्रहरी कार्यालय कोदारीका अनुसार हाल प्रतिदिन ७० भन्दा बढी तीर्थयात्री मानसरोवरबाट फर्किरहेका छन्, जसमा केही हेलिकोप्टर र केही सवारी साधन प्रयोग गरी काठमाडौं जाँदैछन्।

## बस्ती स्थानान्तरणको पर्खाइमा स्थानीय

जनतापत्र, चौतारा

मेलम्ची नगरपालिका-४ स्थित पार्टीभञ्ज्याङको १५ घर पहिरोको उच्च जोखिममा परेको छ। बस्तीभन्दा करिब एक सय मिटर तलबाट पहिरो बग्न थालेपछि बस्तीमा धाँजा परेर जमिन भास्न थालेको हो। यस कारणले उक्त क्षेत्रका १५ घर परिवार संकटमा परेका छन्। मध्यपहाडी लोकमार्ग अन्तर्गत सडक खन्ने क्रममा बस्तीभन्दा तलको भाग कटान हुँदा यी परिवारहरु जोखिममा परेका हुन्।

पार्टीभञ्ज्याङ बजार नुवाकोट र सिन्धुपाल्चोकको सिमानामा पर्ने भएकाले पहिरोको जोखिम अझ बढेको छ। माथिबाट र तलबाट पहिरोको जोखिम रहेकाले स्थानीयहरु सुरक्षित स्थान नहुँदा जोखिम मोल्दै त्यहीं बस्न बाध्य छन्। स्थानिय उमा श्रेष्ठले भनेकी छिन्, "खेलापातलो सुरक्षित स्थान नहुँदा हामी जोखिम मोलेरै बस्नुपरेको छ।"

जमिनको भासिनुका कारण पहिरोको खतरा बढ्दो छ। उनले तत्काल अस्थायी रूपमा सुरक्षित ठाउँमा बस्ती स्थानान्तरणको व्यवस्था गर्नुपर्नेमा जोड दिइन्।

यदि यसरी जोखिम बढिरह्यो भने बस्ती विस्थापित हुनसक्ने भएकाले नगर पालिकाले उपयुक्त र बस्नयोग्य स्थानको खोजी गरी पुनःस्थापना गर्ने पहल गर्ने उपप्रमुख प्रधानले बताइन्। पिपल्दा क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च (सिडिइसिएफ)का विपद् फोकल पर्सन इच्छाराम सापकोटा, नगरपालिका विपद् फोकल पर्सन अञ्जना कार्की लगायतको टोलीले अनुगमन गरिसकेको छ।

उपप्रमुख प्रधानले छिट्टै जिल्ला विपद् व्यवस्थापन समिति, मेलम्ची नगरपालिका र मध्यमहाडी लोकमार्गका पदाधिकारीहरूसँग बैठक गरी बस्ती जोगाउने र सुरक्षित स्थानमा स्थानान्तरण गर्ने विषयमा छलफल गर्ने प्रतिबद्धता जनाएकी छिन्। खिम मोल्दै नबस्न सबैलाई अनुरोध गर्दै, दिनदिनै जोखिम बढ्दै गइरहेकाले तत्काल पुनःस्थापना कार्य थाल्नुपर्नेमा स्थानीयले जोड दिएका छन्।


## मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

मेलम्ची नगरपालिका, नगरकार्यपालिका कार्यालय, सिन्धुपाल्चोक

# हेलम्बुका युवाहरूको डल्ले खोर्सानी व्यवसायः ५० लाख आम्दानीको लक्ष्य



जनतापत्र, हेलम्बु

सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका–५ स्थित भारती डिप्लो गाउँका युवाहरूले डल्ले खोर्सानीलाई व्यावसायिक रूपमा खेती गर्दै वार्षिक ५० लाख रूपैयाँसम्म आम्दानी गर्ने लक्ष्य राखेका छन्।

समुद्री सतहदेखि करिब १,८०० मिटर उचाइमा रहेको गाउँमा पछिल्लो केही वर्षयता डल्ले खोर्सानी खेती क्रमशः व्यावसायिक बन्दै गएको छ।

स्थानीय युवा बीरजित तामाङले पाँच वर्षअघि सुरू गरेको खेतीलाई हाल "हाम्रो साझा कृषि सहकारी संस्था" र हेलम्बु गाउँपालिकाको कृषि शाखाले प्रविधि तथा सामग्री सहयोग गर्दै थप विस्तार गरेका छन्। मल्चिङ प्लास्टिकजस्ता आधुनिक उपकरण अनुदानमा प्राप्त भएपछि खेतीमा उत्पादन र गुणस्तरमा सुधार आएको छ।

बीरजित तामाङले गत वर्ष मात्र डल्ले खोर्सानीबाट पाँच लाख रूपैयाँभन्दा बढी आम्दानी गरेका थिए। यस वर्ष उनले मात्र तीन हजार बोट रोपेका छन् ।

गाउँका अन्य युवाहरु मिलेर करिब १५ हजार बोट लगाएका छन्। अर्को व्यवसायी बीरमान तामाङका अनुसार खर्पुजे, प्रम्ची डाँडाजस्ता क्षेत्रमा लगाइएको खोर्सानीबाट यो वर्ष ५० लाख रूपैयाँभन्दा बढी आम्दानी हुने अनुमान गरिएको छ।

औषधीय गुणसमेत रहेको डल्ले खोर्सानी प्रायः स्थानीय बजारमै बिक्री हुने र थप मात्रालाई काठमाडौंसम्म पुऱ्याउने गरिएको छ। कृषि शाखाका प्रमुख भुपेन्द्र वलीका अनुसार "एक वडा, एक उत्पादन" कार्यक्रमअन्तर्गत किसानहरूलाई मल्चिङ प्लास्टिकसहित प्राविधिक सहयोग प्रदान गरिएको हो।

हेलम्बुका युवाहरूले रोजगारी र आत्मनिर्भरतातर्फ लम्किएको यो उदाहरणले गाउँको समृद्धिको बाटो खुल्ने संकेत दिएको छ।

# सिन्धुपाल्चोकमा माओवादीको जिल्ला भेला सम्पन्न, जनविश्वास पुनः बन्दै गएको नेताहरूको दाबी



जनतापत्र, चौतारा

सिन्धुपाल्चोकको चौतारामा नेकपा (माओवादी केन्द्र) को जिल्ला भेला भव्य रूपमा सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि पार्टीका केन्द्रीय सचिव तथा बागमती प्रदेश इन्चार्ज हितमान शाक्यले पछिल्लो समय माओवादीप्रति जनविश्वास बढ्दै गएको बताए। उनले वर्तमान सरकार (नेपाली कांग्रेस र एमाले नेतृत्वको) भ्रष्टाचार र अनियमिततामा फसेको आरोप लगाउँदै, माओवादी विकल्पको रूपमा पुनः स्थापित हुँदै गएको धारणा राखे। शाक्यका अनुसार, माओवादीले संघीयताको अभ्यासलाई व्यवहारमा उतार्दै पार्टी संरचनालाई संविधानअनुसारको राज्य संरचनासँग समायोजन गरेको छ।

दसवर्षे जनयुद्धपछि शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेको माओवादी केही समय गुमेको जनसमर्थनलाई पछिल्ला चुनावी गतिविधिहरू–उपनिर्वाचन, स्ववियु र पत्रकार महासंघको निर्वाचन–मार्फत पुनः आर्जन गर्दैछ। जिल्ला भेलामा माओवादीका केन्दै, प्रदेश र जिल्लास्तरीय नेताहरूको उल्लेखनीय उपस्थिति थियो। कार्यक्रममा पार्टीको सांगठानिक समीक्षा, नेतृत्व चयनका विषय, र आगामी रणनीतिहरूमा बृहत छलफल भएको जिल्ला संयोजक गोविन्द पराजुलीले जानकारी दिए।

उनका अनुसार, नेतृत्वको आकांक्षी संख्या धेरै भएकाले प्रदेशस्तरका नेताहरूको सहभागीमा निष्कर्षमा पुगिनेछ। कार्यक्रममा नेता शाक्यले पार्टी उपमहासचिव जनार्दन शर्माको पछिल्लो अभिव्यक्तिको आलोचना गर्दै, अहिलेको आवश्यकता नेतृत्वको वैकल्पिक बहस नभई संस्थागत विकासमा केन्द्रित हुनुपर्नेमा जोड दिए। साथै, जनयुद्धकालीन एजेन्डाहरु संविधानमा संस्थागत भइसकेको उल्लेख गर्दै, माओवादीको राजनीतिक भूमिका अझै समाप्त नभएको धारणा राखे।

जिल्ला भेलामा पार्टीका केन्द्रीय सदस्य कृष्णप्रसाद सापकोटा, युवराज दुलाल, सरल सहयात्री पौडेललगायत थुप्रै नेताहरूको उपस्थिति थियो। भेलामा विभिन्न क्षेत्र र भूगोल प्रतिनिधित्व हुने गरी सांगठानिक प्रतिवेदन र कार्यविभाजनसमेत प्रस्तुत गरिएको थियो।


## मानव बेचबिखन अपराध हो

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने, मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने, वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।

त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

जुगल गाउँपालिका, गाउँपालिकाको कार्यालय,सिपा. सिन्धुपाल्चोक

# बाल अधिकार र लैङ्गिक हिंसा विषयक पत्रकारिता तालिम

**सुनिता रखाल, चौतारा**

चौतारा साँगाचोकगढी नगरपालिका-चौतारामा साउन ३१ गतेदेखि भदौ १ गतेसम्म "विद्यालयस्तरमा लैङ्गिक हिंसा तथा बालमैत्री पत्रकारिता" विषयक दुईदिने तालिम सम्पन्न भएको छ। उक्त तालिम नेपाल पत्रकार महासंघ, सिन्धुपाल्चोक शाखाको आयोजनामा र टुकी एसोसिएसन सुनकोशीको प्राविधिक सहयोगमा सञ्चालन गरिएको हो। तालिममा सहभागी पत्रकारहरूलाई विद्यालयस्तरमा हुने लैङ्गिक हिंसा, बालबालिकाको अधिकार, र नैतिक पत्रकारिताका सिद्धान्तहरूबारे प्रशिक्षण दिइएको थियो।

कार्यक्रममा समाचार संकलन तथा प्रकाशनमा संवेदनशीलता र जिम्मेवारीपूर्ण दृष्टिकोण अपनाउन जोड दिइएको थियो। सहभागीहरूले अध्ययन केसहरूको प्रस्तुति, समुदाय र नीति-निर्मातासँग संवाद, र समाचारको सामाजिक प्रभाव मूल्याङ्कन गर्ने सीप प्राप्त गरे।

कार्यक्रमका प्रमुख अतिथि तथा नगरप्रमुख कृष्णप्रसाद सापकोटाले विद्यालयहरूमा हुने लैङ्गिक हिंसाको न्यूनीकरणमा पत्रकारिताको भूमिकालाई अत्यन्तै महत्त्वपूर्ण भन्दै, नैतिक र जिम्मेवार पत्रकारिता अनिवार्य रहेको बताए।

त्यसैगरी, तालिमका विज्ञ र नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष धर्मेन्द्र झाले समाचार तयार गर्दा पीडित बालबालिकाको सुरक्षा, गोपनीयता र मर्यादालाई प्राथमिकता दिनुपर्नेमा जोड दिए।

उनले तथ्यमा आधारित र संवेदनशील पत्रकारिता नै समाज रूपान्तरणको आधार भएको बताए। नेपाल पत्रकार महासंघ, सिन्धुपाल्चोकका अध्यक्ष ध्रुव दंगालले यस प्रकारका तालिमहरूले स्थानीय पत्रकारहरूलाई दक्ष, उत्तरदायी र नैतिक बनाउने विश्वास व्यक्त गर्दै, टुकी एसोसिएसनलाई सहयोगका लागि धन्यवाद दिएका थिए।

# चौतारामा कृष्ण जन्माष्टमी भव्य रूपमा मनाइयो

**जनतापत्र, चौतारा**

चौतारामा कृष्ण जन्माष्टमी भव्य रूपमा सम्पन्न, भगवान् श्रीकृष्णको जन्मजयन्तीको अवसरमा देशभर विविध धार्मिक कार्यक्रमहरूका साथ श्रीकृष्ण जन्माष्टमी उल्लासपूर्वक मनाइएको छ। श्रीकृष्णलाई भगवान् विष्णुको आठौँ अवतारका रूपमा पूजा गरिन्छ। महाभारतकालमा जन्मिएर अन्याय, अधर्म र अत्याचारको अन्त्य गरी धर्मको पुनःस्थापना गर्न आएका श्रीकृष्णको जन्म दिनलाई सत्य, प्रेम र धर्मको विजय दिवसको रूपमा मनाउने परम्परा छ।

यसै अवसरमा, चौतारा पुरानोबजारस्थित श्रीकृष्ण मन्दिर परिसरमा विशेष धार्मिक कार्यक्रम आयोजना गरिएको थियो।

बिहानैदेखि व्रत बसेका भक्तजनहरूले पूजा, भजन-कीर्तन र श्रीकृष्णको दर्शन गर्दै पर्व मनाए।

कार्यक्रमको दौरान रामज्योति फाउन्डेशनद्वारा भक्तालुहरूलाई प्रसाद वितरण गरिएको थियो। स्थानीयवासीहरूले यस कार्यक्रमलाई धार्मिक आस्था र सामाजिक एकताको प्रतीकका रूपमा लिएका छन्। कृष्ण जन्माष्टमी केवल एक धार्मिक चाड मात्र नभई सदाचार, सत्य र धर्मको जितको सन्देश दिने पर्व हो। चौतारामा देखिएको भक्तजनहरूको उत्साह, प्रसाद वितरण र सामूहिक भक्ति कार्यक्रममा सहभागीता यस वर्षको जन्माष्टमीलाई थप उल्लेखनीय र भावनात्मक बनाएको छ।







**मानव बेचबिखन अपराध हो**

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

**चौतारा साँगाचोकगढी नपा.**
**वडा नं. १० को कार्यालय,सि.पा**



**मानव बेचबिखन अपराध हो**

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगरपालिकाको कार्यालय, सिन्धुपाल्चोक**

# भान्सा व्यवस्थापनको विवादपछि आलोचित डीएसपीको फेरि सिन्धुपाल्चोकमै सरुवा



जनतापत्र, चौतारा

सिन्धुपाल्चोक जिल्ला प्रहरी कार्यालयमा खटिएका डीएसपी माधवराज खरेल विवादित घटनामा मुछिए पनि फेरि त्यसै जिल्लामा सरुवा भएका छन्। खरेलले केही दिनअघि बासी भात खुवाएको भन्दै भान्से शंकर कार्कीलाई निर्घात कुटपिट गरेपछि कार्कीलाई सेवाबाटै हटाइएको थियो। कार्की नेपाल प्रहरीको कार्यालय सहयोगीका रूपमा कार्यरत थिए।

घटनापछि डीएसपी खरेलको आचरणप्रति प्रहरी संगठनभित्र र बाहिर आलोचना चुलिँदै गएका बेला उनलाई पुनः सिन्धुपाल्चोकमै कायम राखिएकोले नागरिक समाजमा असन्तोष उत्पन्न भएको छ। प्रहरी प्रधान कार्यालयले दिएको जानकारी अनुसार, सिन्धुपाल्चोक दरबन्दीमा रहेका नवराज ढुंगेललाई बागमती प्रहरी कार्यालयमा पठाइएपछि, खरेलको काज सदर गरिएको हो।

स्रोतका अनुसार डीएसपी खरेल वैशाख २४ गते काजमा जिल्ला प्रहरी कार्यालय आएपछि केवल तीन महिनामै पाँच जना भान्से परिवर्तन गरिसकेका छन्। प्रहरी कर्मचारीहरूका अनुसार, खरेलको व्यवहार यति कठोर छ कि कसैलाई पनि भान्सामा टिक्न गाह्रो परेको छ।

तीन जना भान्से परिवर्तन गरिसकेपछि हेलम्बुबाट ल्याइएका शंकर कार्कीलाई पनि केही दिनमै गालीगलौज गर्दै साउन २२ गते कुटपिट गरिएको कार्की स्वयंले बताएका छन्। उनका अनुसार आफू साउन ८ गते हाजिर भए, त्यसपछि डीएसपीले निरन्तर अपमानजनक व्यवहार गरे, र २२ गते मारपिटपछि २६ गते सेवाबाट हटाइए। कार्कीले आफू न्यायका लागि हेटौंडा प्रहरी अस्पताल र सम्बन्धित निकायमा जाने तयारी गरिरहेका छन्। डिएसपीका लागि पहिले एकल भान्सा सञ्चालन हुँदै आएको भए पनि हाल जनशक्ति अभावका कारण सामूहिक भान्साको व्यवस्था गरिएको छ। तर डिएसपीले लसुन प्याज नखाने, विशेष आहार चाहिने जस्ता कारण देखाउँदै भान्सेहरूमाथि निरन्तर असन्तुष्टि जनाउँदै आएको प्रहरी स्रोत बताउँछ।

यसरी प्रहरी संगठनभित्र व्यवहारगत अनुशासन र शक्ति प्रयोगको दुरूपयोगसम्बन्धी घटनाले नागरिक सरोकार र प्रहरी प्रतिष्ठामै प्रश्न उठाइरहेको देखिन्छ।

# माकुराले वन समूहलाई सक्रिय बनाएपछि उपभोक्ताले नेतृत्व जिम्मा दिए



जनतापत्र, चौतारा

मेलम्ची नगरपालिका-१३ स्थित भस्मे बसुरामे सामुदायिक वन उपभोक्ता समूहमा सीमा अतिक्रमण, स्रोत उपयोग र नेतृत्वसम्बन्धी लामो समयदेखि विवाद रहँदै आएको थियो ।

सो विवाद समाधानका लागि प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपाल को सहयोगमा माकुरा समूहले निरन्तर सहजीकरण गर्दै आएको छ ।

शनिबार सम्पन्न सवाल पारितको संयुक्त बैठकमार्फत द्वन्द्व रूपान्तरण प्रक्रिया सफलतापूर्वक अघि बढाउँदै, समूहको नियमित साधारणसभा तथा अधिवेशन पनि सम्पन्न भएको छ ।

करिब दुई दशकदेखि हुन नसकेको अधिवेशन यसपटक सम्पन्न भएपछि उपभोक्ताहरूमा उत्साह छाएको छ ।नवगठित नेतृत्वमा बालकुमारी तामाङ अध्यक्ष, विलबहादुर तामाङ उपाध्यक्ष, बलबहादुर तामाङ सचिव, र विष्णुकुमारी तामाङ कोषाध्यक्ष चयन भएका छन् । कुल ११ सदस्यीय कार्यसमिति सर्वसम्मत रूपमा गठन गरिएको हो ।

उपभोक्ताहरूले माकुरा समूहको सक्रियता र योगदानको प्रशंसा गर्दै यसपटक नेतृत्व नै सो समूहका व्यक्तिहरूलाई सुम्पिएका छन् । "यदि वनको संरक्षण, संवर्द्धन र व्यवस्थापनसहित सुशासन कायम गर्नुपर्छ भने माकुरा समूहकै व्यक्तिले नेतृत्व लिनुपर्छ भन्ने हाम्रो धारणा थियो," उपभोक्ता ज्ञानबहादुर तामाङले बताए । उनका अनुसार "माकुराले वन समूहलाई जीवित तुल्याएको छ ।"

कार्यक्रममा प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपालका राष्ट्रिय स्रोत व्यक्ति नेत्रप्रसाद धिताल, सब-डिभिजन वन कार्यालयका रेन्जरहरु, स्थानीय उपभोक्ता तथा सरोकारवालाहरु सहभागी थिए ।बैठकमा सीमा एकिन, समूहको संस्थागत विकासे र भू-क्षय जस्ता महत्वपूर्ण सवाल पारित गरिएको समूह संयोजक विष्णुकुमारी तामाङले जानकारी दिइन् ।

**मानव बेचबिखन अपराध हो**

मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने, मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने, वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।

त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

चौतारा साँगाचोकगढी नपा.वडा नं. १४ को कार्यालय,सि.पा

## विधायन निर्माणमा......

नियुक्तिका लागि राजनीतिक क्षेत्रसँग अनुचित सम्बन्ध बनाइराख्ने जस्ता कारण सुशासनको अवस्था कमजोर हुने तथ्यलाई महसुस गरी स्वार्थगत द्वन्द्वबाट रोक्न निश्चित अवधिसम्म ' विश्राम अवधि' (कुलिङ अफ पिरियड) आधुनिक राज्यहरूले स्वीकार गरेको देखिन्छ । यस्तो विश्राम अवधि बेलायतमा २ वर्ष, भारतमा २ वर्ष, अमेरिकामा १ वर्ष, जापानमा २ वर्ष, क्यानडामा २ वर्ष, अस्ट्रेलियामा १८ महिना रहेको देखिन्छ । नेपालको सन्दर्भमा विश्राम अवधिको व्यवस्था राख्ने जनप्रतिनिधिको इच्छालाई निजामती सेवाको मूल विधेयकको दफा ८२ मा उपदफा (४) थप गरी दुई वर्षसम्म नियुक्ति हुन नपाउने गरी राखेको व्यवस्थामा मूल विधेयकको उपदफा क्रम मिलाउँदा उपदफा ४ उपदफा (५) भएको र उपदफा (५) को खण्ड (क) को व्यवस्थाले संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति लिन सक्ने भनी विश्राम अवधिको स्वीकृत सिद्धान्त प्रतिकूल विरोधाभासपूर्ण व्यवस्था रहेको देखियो ।

य विधेयकमा यस किसिमको 'गम्भीर त्रुटि' भएकामा प्रतिनिधिसभा आफैंले आफ्नो विषयमा संसदीय छानबिन समिति गठन गरेको कार्य उदाहरणीय छ ।

समाजको आवश्यकतामै कानुन बन्नुपर्छ । दबाब समूहले आफ्नो अनुचित लाभका लागि सरकार, संसद्, सांसद समेतलाई विभिन्न किसिमले प्रभावमा पार्न सक्छन् । नेपालको सन्दर्भमा विद्यालय शिक्षा विधेयक, निजामती सेवा विधेयक, सहकार ीसम्बन्धी कानुन, भूमि विधेयक, वित्तीय र बैंकिङ विधेयकलगायत विभिन्न विधेयक र कानुनमा स्वार्थ समूहको प्रभाव देखिन्छ ।

यसैगरी गम्भीर अपराधमा सजाय पाएकाको मुद्दा फिर्ता लिने वा माफी मिनाह गर्ने, बहुविवाह गर्न छुट दिने गरी विधेयक बन्दै गरेको भन्नेजस्ता सार्वजनिक रूपमा प्रश्न उठिरहेको सन्दर्भमा स्वार्थ समूहको त्यसमा कुनै न कुनै प्रभाव नपरेको होला भन्न सकिन्न । एकातर्फ विधेयकमा स्वार्थ समूहको अनुचित प्रभाव हुने र अर्कोतर्फ विधेयकको मस्यौदामा नै त्रुटि गरिने कारण असल कानुन बन्न नसक्दा सुशासनको अवस्था सन्तोषजनक छैन ।

धेरै विषयलाई एकै ठाउँमा राखी केही नेपाल ऐन संशोधन विधेयकका रूपमा पारित गर्ने परिपाटीले पनि स्वार्थ समूहको चलखेलले बढी मौका पाउने र विधायिकी सभामा गम्भीर रूपमा त्यसमा छलफल नहुने जस्ता कारण खराब कानुन बन्ने अवस्था हुन सक्छन् । विधायन निर्माण प्रक्रियामा यी र यस्ता पक्षमा समयमा नै ध्यान पुऱ्याई सुधार गर्नु आवश्यक छ ।

(कान्तिपुरबाट)


औषधि प्रयोग गर्दा ध्यान दिऔं

मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं, गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं, औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं, औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकै को स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन वोर्ड


## मिडियाप्रति अनुदार ....

नेपालको संविधानले प्रेस स्वतन्त्रतालाई धारा १९ मा सुनिश्चित गरेको छ ।

संविधानले सुनिश्चित गरेको हक कार्यान्वयनका सन्दर्भमा अनुगमन गर्ने निकाय सके संवैधानिक अंगसरह हुनुपर्छ, नभए पनि स्वायत्त हुनुपर्छ ।

तर सरकारले नयाँ विधेयकमार्फत प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउने जमर्को गरेको देखिन्छ ।

प्रेस काउन्सिलले अहिलेसम्म राष्ट्रप्रमुखलाई आफ्नो वार्षिक प्रतिवेदन बुझाउँदै आएकोमा अब गठन हुने मिडिया काउन्सिलले कार्यपालिकालाई प्रतिवेदन बुझाउने प्रावधान राखिएको छ ।

यो विधेयक केबल पुरानो प्रेस काउन्सिल ऐन, २०४८ को प्रतिस्थापन मात्र होइन, बरु लोकतन्त्रको आधारस्तम्भ मानिने प्रेस स्वतन्त्रताको भविष्य निर्धारण गर्ने एक महत्वपूर्ण कानुनी दस्तावेज हो भन्ने हेक्का राख्नु जरुरी छ ।

कार्यपालिकाको नियन्त्रण र निर्देशनमा रहने गरी मिडिया काउन्सिल बनाउने र काउन्सिललाई पत्रकारको प्रेस पास खोस्नेसम्मको अधिकार दिइने गरी विधेयक तयार हुनु भनेको प्रेस स्वतन्त्रतामाथिको सामान्य संकट होइन ।

पत्रकारले अधिकांश समाचार लेख्ने भनेको कार्यपालिकाले गरेका भ्रष्टाचार र बेथितिका सन्दर्भमा हो ।

समाचार लेखेकै आधारमा प्रेस पास खोस्ने अधिकार कार्यपालिकालाई दिने हो भने पत्रकारको रोजीरोटी समाप्त हुने मात्रै होइन लोकतन्त्रसमेत खोसिन्छ ।

पत्रकारहरूलाई संवेदनशील वा सरकारप्रति आलोचनात्मक विषयमा कलम चलाउन निरुत्साहित गर्दै सेल्फसेन्सरसिपका लागि यो विधेयक ल्याइएको स्पष्ट देखिन्छ ।

त्यसो त 'मर्यादित, स्वस्थ, उत्तरदायी'जस्ता सत्ताधारीले आफ्नो अनुकूल व्याख्या गर्न सक्ने काइते शब्दावलीहरूले विधेयक भरिएको छ । यस्ता शब्दहरूको अपव्याख्या गरेर सरकारले मिडिया काउन्सिलमार्फत् स्वतन्त्र पत्रकारितालाई दण्डित गर्न खोजेको देखिन्छ ।

प्रेस काउन्सिलको विश्वव्यापी अवधारणा भनेको मिडियालाई दण्डित गर्नेभन्दा पनि स्वनियमनका लागि प्रोत्साहित गर्ने हो ।

तर, यो विधेयक स्वनियमनको सिद्धान्तभन्दा नियन्त्रणको दर्शनबाट बढी प्रेरित देखिन्छ ।

विधेयकले सञ्चारमाध्यमलाई आचारसंहिता पालना गराउने नाममा डण्डा देखाएर तह लगाउन खोजेको देखिन्छ, जुन प्रेस स्वतन्त्रताको मर्मविपरीत छ ।

मिडिया काउन्सिल सरकारको प्रवक्ताको रूपमा होइन, प्रेस स्वतन्त्रताको रक्षक र पत्रकारहरूको अभिभावकको रूपमा हुनुपर्छ । सरकार यसरी मिडिया तथा पत्रकारविरुद्ध प्रस्तुत हुँदा प्रमुख प्रतिपक्षी माओवादीलगायत अन्य प्रतिपक्षीहरूले खबरदारी गर्नुपर्ने थियो ।

तर पटकपटक सत्ताको स्वाद चाखेका कतिपय प्रतिपक्षी दलहरू प्रेस स्वतन्त्रतामाथिको थप खतरालाई आफूमाथिको खतरा ठानेका छैनन् ।

प्रतिपक्षको आवाज जनतामा लैजाने मामिलामा स्वतन्त्र प्रेसबाहेक अर्को माध्यम छैन र हुँदैन पनि । तर यो हेक्का प्रतिपक्षीहरूले राख्न सकेनन् ।

(वरिष्ठ अधिवक्ता कार्की प्रेस काउन्सिल नेपालका पूर्व अध्यक्षसमेत हुन्)

(सौर्यअनलाइनबाट)


औषधि प्रयोग गर्दा ध्यान दिऔं

मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं, गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं, औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

बाह्रविसे नगरपालिका
नगर कार्यपालिका कार्यालय,सि.पा